(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

सर्वोच्च अदालत ऐन, २०४८

लालमोहर र प्रकाशन मिति
२०४८।७।२८

संशोधन गर्ने ऐन	प्रमाणीकरण र प्रकाशन मिति
१. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६♣	२०६६।१०।७
२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२	२०७२।११।१३
३. सर्वोच्च अदालत (पहिलो संशोधन) ऐन, २०७३	२०७३।५।२७
४. न्याय प्रशासन ऐन, २०७३∞	२०७३।५।२७
५. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४♠	२०७४।६।३०

२०४८ सालको ऐन नं. २९

[2]...................

सर्वोच्च अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: सर्वोच्च अदालतको सम्बन्धमा केही कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

♣ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको।

∞ यो ऐन संवत् २०७३ साल असोज ३ गते देखि प्रारम्भ हुने गरी तोकिएको । (नेपाल राजपत्र २०७३।५।२९)

♠ यो ऐन संवत् २०७५ सालभाद्र १ गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सर्वोच्च अदालत ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

◎(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ख) "प्रधान न्यायाधीश" भन्नाले नेपालको प्रधान न्यायाधीश सम्झनु पर्छर सो शब्दले कायम मुकायम प्रधान न्यायाधीश समेतलाई जनाउँछ ।

◎(ग) "न्यायाधीश" भन्नाले सर्वोच्च अदालतको न्यायाधीश सम्झनु पर्छर सो शब्दले प्रधान न्यायाधीशलाई समेत जनाउँछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. सर्वोच्च अदालत रहने स्थानः सर्वोच्च अदालत काठमाडौंमा रहनेछ ।

तर ⌦नेपाल सरकारसँग परामर्श गरी प्रधान न्यायाधीशले तोकेको स्थानमा पनि सर्वोच्च अदालतले इजलास कायम गरी आफ्नो अधिकार क्षेत्रको प्रयोग गर्न वा अन्य काम कारबाही गर्न सक्नेछ ।

४. सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोगः (१) सर्वोच्च अदालतबाट मुद्दा मामिलाको सुनवाई र किनारा गर्ने अधिकारको प्रयोग ☗संवैधानिक इजलास,तोकिए बमोजिम एक जना न्यायाधीशको इजलासबाट वा एक भन्दा बढी न्यायाधीशहरुको *संयुक्त इजलास, पूर्ण इजलास, बृहत पूर्ण इजलास र संवैधानिक इजलासबाट हुनेछ ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

⌦ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

☗ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक सर्वोच्च अदालतलाई भएको अन्य अधिकारको प्रयोग तोकिए बमोजिम सर्वोच्च अदालतका न्यायाधीशहरुको पूर्ण बैठक, समिति वा सर्वोच्च अदालतको *<u>मुख्य रजिष्ट्रारबाट</u> हुनेछ ।

📖४क. <u>आदेश जारी गर्ने:</u> सर्वोच्च अदालतले संविधानको धारा १३३ को उपधारा (१) बमोजिम कुनै कानूनलाई प्रारम्भ देखिनै वा निर्णय भएको मिति देखि अमान्य वा बदर घोषित गर्दा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

📖४ख. <u>समिति वा कार्यदल गठन गर्न सक्ने:</u> सर्वोच्च अदालतका न्यायाधीशहरुको पूर्ण बैठक वा प्रधान न्यायाधीशले दफा ४ मा उल्लिखित काम बाहेक अन्य कामको लागि आवश्यकता अनुसार समिति वा कार्यदल गठन गरी त्यस्तो समिति वा कार्यदलको काम, कर्तव्य तथा कार्याविधि तोक्न सक्नेछ ।

५. ⇉...................

📖५क. <u>सर्वोच्च अदालत अभिलेख अदालतको रुपमा रहने:</u> सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । सर्वोच्च अदालतले गरेको फैसला, अन्तिम आदेश तथा तोकिएका न्यायिक कारबाही सम्बन्धी लिखत तोकिए बमोजिम सधैंका लागि सुरक्षित राखिनेछ ।

६. 2...................

७. ➔...................

८. <u>शपथ:</u> प्रधान न्यायाधीशको पदमा नियुक्त व्यक्तिले ⊠<u>राष्ट्रपति समक्ष</u> र न्यायाधीशको पदमा नियुक्त व्यक्तिले प्रधान न्यायाधीश समक्ष अनुसूचीमा तोकिए बमोजिम शपथ लिनु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

📖 पहिलो संशोधनद्वारा थप ।

⇉ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा खारेज।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज।

➔ न्याय प्रशासन ऐन, २०७३ द्वारा खारेज ।

*९. <u>मुख्य रजिष्ट्रारः</u> (१) सर्वोच्च अदालतमा एक जना मुख्य रजिष्ट्रार रहनेछ ।

(२) मुख्य रजिष्ट्रारले प्रधान न्यायाधीशको सामान्य निर्देशन र नियन्त्रणमा रही सर्वोच्च अदालतको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

(३) मुख्य रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) मुख्य रजिष्ट्रारले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार रजिष्ट्रार वा मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. 2..............

११. <u>नियम बनाउने अधिकारः</u> (१) सर्वोच्च अदालतले आफ्नो अधिकारक्षेत्रको प्रयोग तथा कार्यविधि व्यवस्थित गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ⏭........ देहायका विषयहरुमा नियम बनाउन सकिनेछः–

*(क) सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोग एक जना न्यायाधीशको इजलास वा एकभन्दा बढी न्यायाधीशको संयुक्त इजलास, पूर्ण इजलास, बृहत पूर्ण इजलास वा संवैधानिक इजलासबाट गर्ने विषय ।

(ख) सर्वोच्च अदालतमा पुनरावेदन, साधक, पुनरावलोकन र मुद्दा दोहऱ्याउनको लागि दिइने निवेदनहरु सम्बन्धी विषय ।

⌧ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(ग) ◎संविधानको धारा १३३ को उपधारा (१) र (२) अन्तर्गत पर्ने निवेदनपत्रहरु सम्बन्धी विषय ।

(घ) फौजदारी मुद्दामा तल्लो अदालतबाट कसूरदार ठहरी भएको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन दिने व्यक्तिलाई थुना वा कैदमा राख्ने वा धरौटी वा जमानतमा छाड्ने विषय ।

(ङ) अदालतको अवहेलना सम्बन्धी कार्यविधि ।

*(च) अदालतको प्रशासनिक काम कारबाही एवं न्यायिक कार्यविधि सम्बन्धी अन्य विषय ।

१२. खारेजी: सर्वोच्च अदालत ऐन, २०१९ खारेज गरिएको छ ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित ।

⌦अनुसूची

(दफा ८ सँग सम्बन्धित)

<u>शपथ</u>

म .... सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानूनप्रति पूर्ण निष्ठावान रही आफूले ग्रहण गरेको .... पदको जिम्मेवारी न्यायपालिकाको स्वच्छता र मर्यादा विपरीत नहुने गरी, कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीताका साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन।

....

मितिः हस्ताक्षर

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

⌦ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।